सशस्त्र लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

## होटल बिक्रिमा

गाईघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला। सम्पर्क -९८४२९९४३३०

■ बर्ष-१५, ▸▸ अंक ३९९ भदौ ११ शुक्रबार,२०७८, August– 27 Friday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. १०/- www.majhkharka.com

# त्रियुगा उद्योग बाणिज्य संघबाट ल्यापटप चोरी भएको आरोप

❖ बुद्धि कुमार राई

*उदयपुर, भदौ १०*

उदयपुर जिल्लाका त्रियुगा नगरपालीका ११ गाईघाटमा रहेको त्रियुगा उद्योग बाणिज्य सघं कार्यालय परिसरबाट कार्यालयको ल्यापटप चोरी भएको छ।

भदौ १० गत्ते बिहिवार को मध्यान्ह १२:३० बजे कार्यालय सहायक सञ्जिव श्रेष्ठको कोठामा रहेको गजेन्द्रकुमार भगतले मेरो आज जुम मिटिङ छ। ल्यापटप खोलिदिनु भन्दै कार्यालयका सहायक श्रेष्ठलाई ल्यापटप मागेर बैठक कोठामा गएका थिए। कार्यालय प्रमुख सचिब डिल्ली उप्रेतीका अनुसार उनले बैठक कोठामा ल्यापटप केही समय चलाए पछि भगत आँफैसँग आएका उनका सहयोगी मनोहर खतिवडाको झोलामा ल्यापटप लगाई उनले सो ल्यापटप ब्यापारी सुनिल साहको पसलमा पुर्याउल लगाएका थिए।



डिल्ली उप्रती कार्यालय प्रमुख सचिव

कार्यालय प्रमुख उप्रेतीका अनुसार ल्यापटप खोली दिएर कार्यालय सहायक श्रेष्ठ आफ्नो कोठामा काम गर्दै थिए। केही समय पछि भगत आफुले लिएर आएको प्रदेश २-०३-००३प ९४३८ नम्बरको स्कुटर लिएर जान लागेको थिए तर कार्यालय सहायक श्रेष्ठले ल्यापटप खोई भनेर सोधेको र भगतले ल्यापटप स्कुटरको डिकी भित्र छ भनी ढाँटेका थिए। स्कुटरको डिकी भित्र खोलेर हेर्दा ल्यापटप नभए पछि श्रेष्ठले स्कुटरको चाबि राखेका र भगत स्कुटरको हेलमेट मात्र लिएर जाँदै गरेको सचिब डिल्ली उप्रेती आफुले देखेको बताए।

हाल सो ९४३८ नम्बरको स्कुटर नगर प्रहरी कार्यालयमा रहेको छ। २०७८ साल सायउन ३२ गतेदेखि त्रियुगा उद्योग बापिज्य संघका सबै कार्यसमितिको कार्यकाल सकिसक्को छ। कार्यकाल सकिएका अध्यक्ष गजेन्द्रभगतले २०७८ साउन ३२ गते पछि कार्यालयमा आफु एक्लै कहिले धैर जना साथीहरु लिएर आएर मेरो अनुमति बिना किन नयाँ सदस्यता नबिकरण गरेको कराउने, धम्काउने जस्ता व्यवहार गर्ने गरेको भगतले गर्ने गरेको उनको भनाई छ। कार्यसमितिका कार्यकाल सकिएको र कार्यालयका कर्मचारीहरुले बाणिज्य संघको दैनिक कामहरु गरिरहेका छन्। कार्यकाल सकिएको अध्यक्ष मोटाघाटा मानिसहरु लिएर आउने गरेको धम्काउने, कराउने ब्यबहार`ले आफुहरु त्रासले काम गर्नु परेकोले शान्तिपुर्वक काम गर्न पाउँ भनि उप्रेतीले प्रशासनसँग अनुरोध गरेका छन्।

त्रियुगा उद्योग बाणिज्य संघ उदयपुरको ल्यापटप चोरी भएको बिषयमा आरोप लागेका गजेन्द्र कुमार भगतलाई फोन सम्पर्क गर्दा उनी आफु बैठकमा ब्यस्त भएको र पछि सम्पर्क गर्ने भनि फोन काटे। २०७३ साल असार१८ गते निर्बाचित समितिको कार्यकाल २०७६ असार १८ गते सकिएको र पटक पटक समय थप गर्दै आएकोमा पछिल्लो समय साउन ३२ गते कार्यकाल समथ थप गर्न नसक्दा सकिएको थियो।

# जिल्ला मालपोत चलेकै छ

❖ मुलुकी संबाददाता

*उदयपुर, भदौ १०*

मालपोत कार्यालय उदयपुरका कार्यालय प्रमुख नवराज खड्काले मालपोत कार्यालय ठिकठाक अबस्थामा चलिरहेको बताएका छन्।

प्रमुख खड्काका अनुसार मालपोत कार्यालयमा सेवा लिन आएका सेवाग्राहीहरुले कुन काम कति समयमा सकिने भन्ने कुरा लेखापढि ब्याबशायी संघ ब्याक्तिमा भर पर्ने बताएका छन्। नेपाल सरकारले निर्णय गरेर कामको दर रेट सहित सुचना टाँसेर सेवा दिने गरेको जनाईएको छ। जिल्ला मालपोत कार्यालय उदयपुर उपसचिवको सहित २३ जना कर्मचारी हुनुपर्नेमा हाल शाखा अधिकृत नबराज खड्काको नेतृत्वमा ३ जना रित्त गरी २० जना कर्मचारी ल काम गरिरहेका छन्।



*नबराज खड्का - प्रमुख*



२०६३ साल बैशाख ७ गते बुधबारदेखि प्रकाशन सुरु भएको मुलुकी खबर दैनिक आगामी २०७८ साल भदौ १८ गते शुक्रबार १६ औ बार्षिक उत्सबमा मुलुकी दैनिक कस्तो लाग्दैछ? लेख शुभकामना बिज्ञापन दिन इच्छुक ब्यक्ति संस्थाले सम्पर्क गर्नुहोला। सम्पर्क - बुद्धि कुमार राई सम्पादक ९८४२९८५१८८

# स्वर्गिय यादब कार्कीको सम्झना

❖ मुलुकी संवाददाता

*गाईघाट, भदौ १०*

बालमन्दिर माबि बोक्सेका पूर्व प्रधानध्यापक यादव कुमार कार्कीको निधन भएको ७ बर्ष पुरा भएको अबसरमा स्वर्गिय यादब कुमार कार्की स्मृति प्रतिष्ठान उदयपुरले बिहिबार सातौ स्मृति दिबस सम्पन्न गरेको छ।

माबि बालमन्दिर माबिको प्राङ्गणमा आयोजित स्मृति दिबसमा बाल्यकालका साथी तथा नेपाल पत्रकार महासंघ उदयपुरका पूर्व अध्यक्ष महेश्वर चामलिङ राई, बिद्यालयका प्रधानध्यापक जङ्ग बहादुर खड्का, बाल मन्दिर माध्यमिक बिद्यालय ब्यवस्थापन समितिका अध्यक्ष तथा वडा नम्बर १० बोक्सेका अध्यक्ष प्रकाश खड्का र स्वर्गीय प्रधानध्यापक यादव कुमार कार्कीका बुबा ७९ बर्षिय धर्मराज कार्कीले यादब कार्कीका स्मरपमा मन्तब्य राखेका थिए। बक्ताहरुले आगामी दिनमा स्वर्गिय प्रधानध्यापक तथा शिक्षाप्रेमी यादव कुमार कार्की स्मृति प्रतिष्ठानले ट्राफिक जनचेतना, छात्रबृति कार्यक्रम जस्ता नयाँ सिर्जनात्मक काम गर्नुपर्ने सल्लाहा दिए। २०३२ सालमा उदयपुरको उत्तरी तत्कालिन जाते गाविसमा जन्मेका कार्कीको २०७१ साल भदौ १० गते उदयपुर गाईघाट बोक्सेमा सवारी दुर्घटनामा निधन भएको थियो।











## हार्दिक निमन्त्रणा



स्वर्गिय मिथिला राई

हाम्रा पुजनिय आमा स्वर्गिय मिथिला राइको मिति २०७८ साल साउन २७ गते बुधबार असामायिक दुखद निधन भएकोमा स्वर्गिय मिथिला राइको यहि मिति २०७८ साल भदौ १२ गते शनिबार बिहान ११ बजे निज निबास गाईघाट लालिगुरास बोडिङमा सुद्याई कार्यक्रम गर्ने भएकोले सम्पुर्ण मलामिजन, आफन्त, शुभचिन्तकहरुलाई उपस्थित भइदिनुहुन अनुरोध छ।

### कार्यक्रम

*मिति- २०७८ साल भदौ १२ गते शनिबार*
*स्थान- निज निबास लालिगुरास बोर्डिङ स्कुल गाईघाट, उदयपुर*
*समय- बिहान ११ बजे*

### प्रार्थी

छोराहरु : सचिन सागर राई, समिप सागर राई
छोरी : निक्की राई

सम्पादकीय

## गाईघाटको सडकपेटीको फलामको बार कसरी बन्यो ?

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार क्षेत्रमा पर्ने मदनभण्डारी लोकमार्ग अर्न्तगत पर्ने सडकपेटीमा लगाईएको फलामको बारमा बिबादस्पद तरिकाले कहि खोलिएको त बन्द गरिएको अबस्था छ। असारी बाट आउँदा बरुवा खोलाको पुल तरेपछि पुरानो गाईघाट चोक, लालिगुरास बोडिङ, जिके पुस्तक पसल, बैङ्क लाईन चोक, मेन चोक, बाङ्गेलाईन चोक, फिलिम हल लाईन चोक हुँदै आँखा अस्पतालचोक सम्म कसरी के आधारमा सडकपेटीमा खुल्ला र बन्द गरियो स्पष्ट मापदण्ड बिना नै बनाईएको पाईएको छ।

गाईघाट बजारमा मदन भण्डारी लोक मार्ग अर्न्तगत सडक छेउछाउँमा चारपाङ्ग्रे गाडी हुनेहरु या किन्न चाहानेहरुले सो सुविधा बाट बञ्चित हुनुपरेको छ। अझ भनौ अहिले जे जति सो क्षेत्रमा सडकपेटी छेक्ने फलामको बार लगाईएको छ सो कार्य मनोमानी ढंगले गरिएको पाईएको छ।

मुख्य सडकबाट सहायक सडक जाने बाटोमा खुल्ला छोड्न जायज हो र छोड्नुपर्छ। ति बाहेक कोहीको घर, पसललाई सजिलो हुने गरी खुल्ला छोड्नु र कोहीलाई बन्द गरिनु जायज होईन। मुख्य सडक लोकमार्ग भएका कारण त्यसरी सहायक सडक बाहेकको ठाउँमा बाटो खुल्ला छोडिदिदा सडकमा सवारी दुर्घटना हुने बढि सम्भावना हुन्छ भने यो कार्य न्यायोचित भने पक्कै होइन। अहिले त्यस्तो गलत कार्य बजार क्षेत्रमा करिब ४० वटा ठाउँ भन्दा बढि क्षेत्रमा भएको छ। सडक ठुलाबडा कुरा बिक्ने बोल्नेहरुको लागि मात्र होकी सबैको लागि हो ? यो प्रश्नको जबाफ सडक विभागले दिनुपर्दछ। बोल्ने नेता ब्यापारी भनाउँदाको पसल, घर अगाडी खुल्ला छोड्ने अनि अन्य ब्याक्तिले भन्दा चाँहि खुल्ला छोड्न नमिल्ने ? हो कानुन सबैलाई समान हुन्छ भने अहिले जे जति मापदण्ड बिपरित बजार क्षेत्रमा खुल्ला गरिएको त्यस्तो बार टालिनुपर्दछ। होइन भने पसलवाला र घरपेटीवालाको माग अनुसार सबैलाई आफ्नो घर अगाडी सडक पेटीको बार खुल्ला गरिनुपर्दछ।

मदन भण्डारी लोकमार्ग भएका कारण सवारी साधनको चाप बढि हुन्छ। त्यसमा अझ सवारी गति बढि हुने भएकाले पनि अहिले भएको सडकपेटीको बार काटिएको ठाउँमा टालिनुपर्दछ। यति नगरिए कानुन सबैलाई समान नहुने देखिन्छ। कसैलाई घर अगाडी छिर्न बाटो खुल्ला गरिनु र कसैलाई आफ्नो घर भित्र छिर्न सडकपेटीको घुमाउरो बाटो भएर आउनु सबैलाई न्यायोचित भएन। सडक विभागले यस्तो कार्यलाई तुरुन्त सच्याउनुपर्दछ। तुरुन्त खुल्ला छाडिएको ठाउँमा टालेर बन्द गरेर सवारी दुर्घटना हुन बाट बचाउनुपर्दछ।






# १ नं. प्रदेशका मुख्यमन्त्री राईले दिए राजिनामा

❖ मुलुकी संवाददाता

*उदयपुर, भदौ १०*

प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले आज पद बाट राजिनामा दिएका छन्। पार्टी बिभाजन पछि बिभिन्न राजनितिक समस्या र पार्टी बचानका लागि आफुले राजिनामा दिएको राईले बताएका छन्। बिभिन्न राजनितिक समस्याका कारण राईले पद गुमाएका हुन्। राईले राजिनामा दिएपछि प्रदेश नं१ का मुख्यमन्त्री भिम आचार्य भएका छन्। आचार्यलाई आजै सपथ ग्रहण गराउने तयारी भईरहेको छ। राईले प्रदेश प्रमुखलाई भेटेर राजिनामा दिएका हुन्।प्रदेश १



मा ९३ जना प्रदेशसभा सदस्य छन्। जसमध्ये अहिले ९२ जना सांसद छन्। प्रदेशसभामा एमालेका मात्र ५१ सदस्य छन्। जसमध्ये एक जना सभामुख छन्।पार्टी एकतालाई बचाउन मैले राजीनामा दिएको हुँ। हामीले आचार्यजीलाई भावी मुख्यमन्त्रीका रुपमा अगाडि सारेका छौं,' बैठकपछि पत्रकारसँग कुरा गर्दै राईले भने, 'विभाजन र पार्टी एकताको सर्वोत्तम कुरालाई ध्यानमा राखेर परिस्कृत परिस्थितिलाई सामना गर्ने, नेकपा एमालेको प्रभाव र वर्चश्वलाई जस्ताको तस्तै कायम राख्ने सरकारलाई सुरक्षित तरिकाले अगाडि बढाउने तमाम कुरालाई ध्यानमा राखेर मैले राजीनामा गरेको हुँ।'एमाले विभाजनपछि प्रदेश १ को संसदीय दलको बैठक पहिलो पटक बसेको हो। माधव कुमार नेपालको साथ छोडेर एमालेमै रहने निर्णय गरेपछि आचार्यलाई बिहीबार नै मुख्यमन्त्री बनाइँदैछ।माधव नेपाल पक्षका आचार्यसँगै बलबहादुर साम्सोहाङ, होमकुमारी सावा, जीवन घिमिरे, लक्ष्मण तिवारी, लिलाबल्लब अधिकारी, यसोधा अधिकारी र साबित्री जोशी एमालेमै खुलेका छन्।

# आजै मुख्यमन्त्री बनेका एमाले नेता भिम आचार्यका भाई मृत फेला

❖ मुलुकी संवाददाता

*उदयपुर, भदौ १०*



आज मात्रै मुख्यमन्त्री बनेका एमाले नेता भिम आचार्यको भाई राम आचार्य मृत फेला परेको छ। भिम आचार्य आज मात्रै १ नं प्रदेशका मुख्यमन्त्री नियुक्ती भएका छन्। आचार्यका भाई राम आचार्य इनरुवा ३ आफ्नै घरमा मृत फेला परेको स्रोतले जानकारी दिएको छ। इनरुवामा रहेको घरमा ढोका फोडेर हेर्दा उनी मृत भेटिएका हुन्। घटनास्थलमा प्रहरीले मुचुल्का उठाइरहेको छ। मानसिक समस्याले पीडित आचार्य घरमा एक्लै बस्दै आएका थिए। प्रारम्भिक अनुसन्धानबाट आचार्यको शरीरमा चोटपटक नदेखिएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जानकारी दिएको छ। घटना माथी थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।



## सी डिभिजन......

काठमाडौँ एफसीले मेहल कुना फुटबल क्लबको सामना गर्नेछ।

त्यसैगरि नेपाली राष्ट्रिय फुटबल टोली १७ दिने बन्द प्रशिक्षणको लागि कतार जाने भएको छ। नेपाली टोली अहिले पोखरामा अभ्यासमा व्यस्त छ। नेपालले भारतसँग यहि सेप्टेम्बर २ र ५ तारिख काठमाडौँमा दुईवटा मैत्रीपूर्ण खेल खेल्दैछ। त्यसपछि १० तारिख नेपाली टोली बन्द प्रशिक्षणको लागि कतार जानेभएको हो। बन्द प्रशिक्षण सकेर २७ तारिखमा कतारको राजधानी दोहाबाट नेपाली टोली साफ च्याम्पियनसिपको लागि सोझै माल्दिभ्स जाने भएको छ। यहि अक्टोबर १ बाट माल्दिभ्समा १३ औं साफ सुरु हुँदैछ।

उता रुसमा भइरहेको ११ औँ फिफा बिच् सकर विश्वकपमा सेनेगल र स्वीजरल्याण्ड सेमिफाइनल पुग्न सफल भएका छन्। बालुवामाथि बगरमा खेलिने फुटबलमा साधारण फुटबलभन्दा धेरै गोल निस्किने गर्दछ। त्यसैले पनि बिहिबार भएको क्वाटरफाइनलमा स्वीजरल्याण्डले उरुग्वेलाई १०-१ ले हरायो। यो जारी प्रतियोगितामा सबैभन्दा फराकिलो अन्तरको जीत हो। अर्को क्वाटरफाइनलमा सर्वाधिक पाँच पटकको विजेता ब्राजिललाई अतिरिक्त समयमा ५-४ ले स्तब्ध पार्दै सेनेगल पहिलोपल्ट सेमिफाइनल पुग्न सफल भयो।













बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण।

## सानुमाया फर्निचर उद्योग



प्रोपाईटर
कैलाश खत्री

सानुमाया फर्निचर उद्योग
त्रियुगा नगरपालिका ११, गाईघाट, उदयपुर। सम्पर्क – ९८११७५०८४४

# सी डिभिजन छनौट सुरु गोदावरीको हार

❖ बिबेक राई

*उदयपुर, भदौ १०*

*ललितपुर सातदोबाटोस्थीत एन्फा कम्प्लेक्स मैदानमा गोदावरी युनाइटेड क्लबले पहिलो खेलमै हार व्योहोरेको छ। गोदावरीलाई ३-२ ले हराएपछि एफसी एस यास क्लबले समुह बी शिर्षास्थान हाँसिल गरेको छ। पहिलो हाफसम्म ३-१ को बलियो अग्रता लिएको एस यासले दोस्रो हाफमा भने एउटै गोल थप्न सकेन। बरु ८७ औं मिनेटमा सुसन महर्जनले गोदावरीका लागि गोल फर्काउँदै खेल ३-२ मा*

अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजनामा बिहिबारबाट सी डिभिजन छनौट खेल सुरु भएको छ। ललितपुर सातदोबाटोस्थीत एन्फा कम्प्लेक्स मैदानमा गोदावरी युनाइटेड क्लबले पहिलो खेलमै हार व्योहोरेको छ। गोदावरीलाई ३-२ ले हराए पछि एफसी एस यास क्लबले समुह बी शिर्षास्थान हाँसिल गरेको छ। पहिलो हाफसम्म ३-१ को बलियो अग्रता लिएको एस यासले दोस्रो हाफमा भने एउटै गोल थप्न सकेन। बरु ८७ औं मिनेटमा सुसन महर्जनले गोदावरीका लागि गोल फर्काउँदै खेल ३-२ मा छोट्याए।

तर त्यसपछि थप गोल फर्काउन नसक्दा गोदावरी त्यहि ३-२ को प्रतिस्पर्धात्मक हार व्योहोर्नु बाध्य भयो। अब गोदावरीले आज एकदिन विश्राम लिएर भोली नै समाजसेवी क्लबसँग प्रतिस्पर्धा गर्नेछ। सी डिभिजन छनौटको लागि देशैभरबाट ७८ क्लबले नाम दर्ता गराएका थिए जसलाई एन्फाले तीनतीन टोली रहने गरि २६ समुहमा भाग लगाएको थियो। पहिलो चरणमा यी २६ समुहले लिग आधारमा खेल खेलिसकेपछि हरेक सुमहको विजेता दोस्रो चरण प्रवेश गर्नेछ।

दोस्रो चरणमा आएका २६ टोलीलाई तीन समुहमा भाग लगाइनेछ। एक समुहमा आठ र बाँकी दुई समुहमा नौनौ टोली रहनेछ। दोस्रो चरणमा नकआउट आधारमा खेल खेलाइनेछ जसमा यी तीन समुहको विजेता सी डिभिजनको लागि छनौट हुनेछ। त्यसैले सी डिभिजन क्लबको मान्यता पाउनु सबै क्लबलाई गाह्रो हुनेछ। गोदावरीले खेल्नुअघि उद्घाटन दिनको उद्घाटन खेलमा भने च्याम्पियन ब्वाइज एफसी र झापाको सतासिधाम स्पोर्टिङ क्लबले २-२ को बराबरी खेलेका थिए।

च्याम्पियन ब्वाइज भने जीतको एकदम नजिक पुगेरपनि अन्तिम मिनेट सम्हालिन नसक्दा बराबरीमा रोकिनुपर्‍यो। खेलको निर्धारित ९० मिनेटसम्म च्याम्पियन ब्वाइज २-१ ले अघि थियो र जीत उसको हातैमा आइसकेको थियो। तर ठिक ९० औं मिनेटमा नै मिलन परियारले सतासीधामको लागि बराबरी गोल फर्काएर च्याम्पियन ब्वाइजलाई हिस्स पारिदियो। आफैले मिलाइदिएको पासबल आफैलाई फेरी तुरुन्त आएपछि उनले बललाई चलाखिपूर्ण अघि बढाएर विपक्षि गोलरक्षक बिट गर्दै बललाई जालि चुमाइदिएका थिए। खेलपछि जर्सी नम्बर १७ लगाउने सतासीधामका मनिष लिम्बू म्यान अफ द म्याच चुनिए। बराबरीले दुवै टोलीको समुह विजेता चुनिने सम्भावना बराबरी नै भएको छ।

राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव रमेशकुमार सिलवालले खेलका पदाधिकारीलाई फुटबल दिँदै छनौट प्रतियोगिताको औपचारिक उद्घाटन गरेका थिए। छनौट प्रतियोगिता करिब दुई महिना चल्नेछ। आजपनि छनौटमा दुई खेल हुँदैछ। आरसी ३२ ले भर्सिटी फुटबल क्लब र पश्चिम

बाकी ३ पेजमा-

## मुलुकी दैनिकको जरुरी सुचना

मुलुकी दैनिक पत्रिकाको पाठकहरुको लागि अत्यन्तै जरुरी सुचना। तपाईहरुले २०७८ साल बैशाख ८ गतेदेखिको पत्रिकाको ग्राहक शुल्क पैसा तिर्न बाँकी रहेकोले ९८४२९८५१८८ मा सम्पर्क गरिदिनुहोला।







यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा सप्लाई गरिन्छ। साथै विभिन्न स्कुल तथा कलेजको जुत्ताहरु समेत उपलब्ध गराईन्छ। उदयपुर तथा छिमेकी जिल्लाहरुमा हेलसेलमा बिक्री सप्लाई गरिन्छ।
न्यु हलेसी फुटवेयर सप्लायर्स। त्रिनपा ११ गाईघाट, उदयपुर।
प्रोपाइटर – सुमन कटुवाल। सम्पर्क ९८५१११०१६८।






त्रियुगा जनता बहुमुखी क्याम्पस मोतीगडा
गाईघाट, उदयपुर
सगरमाथा अञ्चलकै अग्रणी एवम् QAA Certified यस क्याम्पसमा शैक्षिक सत्र २०७८ का लागि
Faculties
➢Management
➢Humanities
➢Education
+2 मा भर्ना खुल्यो !
कार्यक्रम
आवेदन फाराम वितरण भईरहेको छ।
प्रवेश परीक्षा भाद्र ४ गते शुक्रबार
परामर्श कक्षा भाद्र १३ गते
कक्षा सञ्चालन भाद्र १५ गते
९८५२८३५३६३
९८४२८२६६७०
९८५२८३५६७०
Computer Science मा सिट संख्या मात्र ३०।
Campus Chief
Visit Us At Least Once, Then feel the Difference !!



माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी दैनिक
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट